# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी), नेपाल, पुष १८ गते, २०८० साल (अतिरिक्ताङ्क २५

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०९/१८ को बैठकबाट "**मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०**" स्वीकृत भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

# मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०

**<u>प्रस्तावना</u>:** स्थानीय आर्थिक विकास, युवा रोजगार, स्वरोजगार र स्थानीय सेवा प्रवाहका क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम मार्फत प्रदेश तथा स्थानीय तहको सह-लगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई संस्थागत गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २(१) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिका को नाम "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क. "आन्तरिक आय" भन्नाले स्थानीय तहले उठाई खर्च गर्न पाउने स्थानीय कर तथा सेवा शुल्कबाट सङ्कलन भएको रकम सम्झनु पर्छ ।

ख. "आवेदक" भन्नाले यस निर्देशिका बमोजिम परियोजना प्रस्ताव पेश गर्ने स्थानीय तह सम्झनु पर्छ । यस शब्दले दुई वा सोभन्दा बढी स्थानीय तह मिली परियोजना प्रस्ताव पेश गर्ने संयुक्त आवेदक समेतलाई जनाउँछ ।

ग. "नवप्रवर्तन" भन्नाले दक्षता, प्रभावकारीता, दिगो परिणामहरु प्राप्त हुने गरी नयाँ विचारको सफल कार्यान्वयन, गतिशील खोज, नयाँ सोच, अवधारणा र प्रविधिको माध्यमबाट भिन्न तवरले गरिने कार्यलाई सम्झनु पर्छ । यस शब्दले स्थानीय आर्थिक विकास, युवा रोजगार, स्वरोजगार र स्थानीय सेवा प्रवाहमा नतिजामुखी उत्पादन, प्रविधि र प्रक्रियालाई बढी उपलब्धी मूलक बनाउन गरिने सिर्जनशील क्रियाकलापलाई समेत जनाउँछ ।

घ. "नवप्रवर्तन साझेदारी" भन्नाले यस निर्देशिकामा व्यवस्था गरिएको साझेदारी लाई सम्झनु पर्छ ।

ङ. "निर्देशक समिति" भन्नाले यस निर्देशिका को दफा ११ बमोजिम मुख्यमन्त्रीको अध्यक्षतामा रहेको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको निर्देशक समिति सम्झनु पर्छ ।

च. "परियोजना अनुदान" भन्नाले यस निर्देशिका बमोजिम परियोजना सञ्चालन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बाट स्थानीय तहलाई उपलब्ध गराईने रकमलाई सम्झनु पर्छ ।

छ. "प्रस्ताव" भन्नाले यस निर्देशिका को अनुसूची -२ बमोजिम पेश गरिने विस्तृत परियोजना प्रस्तावलाई सम्झनु पर्छ ।

ज. "प्राविधिक सहायता" भन्नाले कार्यक्रम कार्यान्वयनका लागि उपलब्ध हुने जनशक्ति, सिप, प्रविधि लगायतका बुझाउने छ।

झ. " प्राविधिक समिति" भन्नाले यस निर्देशिका को दफा १२ बमोजिम शासकीय सुधार हेर्ने सचिवको अध्यक्षतामा रहेको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको प्राविधिक समिति सम्झनु पर्छ ।

ञ. "मन्त्रालय" भन्नाले प्रदेशका सम्बन्धित विषयगत मन्त्रालय सम्झनु पर्छ ।

ट. "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले परिभाषित गरेको उमेर समुहको व्यक्तिलाई सम्झनु पर्छ ।

ठ. "लागत सहभागिता" भन्नाले यस निर्देशिका को दफा १८ बमोजिम प्रस्ताव पेश गर्ने आवेदकले व्यहोर्नु पर्ने

कुल परियोजना लागतको निश्चित प्रतिशत लागत सहभागितालाई सम्झनु पर्छ ।

ङ. "स्थानीय तह" भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ । सो शब्दले महानगरपालिका तह तथा उपमहानगरपालिका समेतलाई जनाउँछ ।

ढ. "स्थानीय आर्थिक विकास" भन्नाले स्थानीय तहमा सीपविकास, औद्योगिकीकरण, बजार विकास, उद्यमशीलताको प्रवर्द्धन आदिका माध्यमबाट स्थानीय जनताको रोजगारी, आयवृद्धि र स्थानीय क्षेत्रको आर्थिक समृद्धिलाई योगदान दिने कार्यक्रमलाई सम्झनु पर्छ ।

३. **<u>कार्यक्रमका उद्देश्यहरू:</u>** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका उद्देश्य देहाय अनुसार हुनेछन्ः-

क. नवप्रवर्तन मार्फत थप उत्पादन, रोजगारी, स्थानीय आर्थिक विकास र सेवा प्रवाह अभिवृद्धि गर्ने ।

ख. नवप्रवर्तनका लागि प्रदेश, स्थानीय तह बीच एवं स्थानीय तह तथा गैर सरकारी क्षेत्रबीच सहकार्य र सहलगानी प्रवर्द्धन गर्ने ।

४. **नवप्रवर्तनका क्षेत्रहरु:** नवप्रवर्तनका क्षेत्रहरु देहायबमोजिम हुनेछन\:-

क. नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित प्रदेश तथा स्थानीय तहका साझा र एकल अधिकारमा र सो को कार्य विस्तृतिकरणमा उल्लिखित विषय क्षेत्रहरु,

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा उल्लिखित विषय क्षेत्रहरु,

ग. यस निर्देशिका को अनुसूची-६ मा समावेश गरिएका विषयहरु ।

## परिच्छेद - २

## परियोजना प्रस्ताव र मुल्यांकन

५. **परियोजना छनोट समयावधि** : (१) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा आगामी आर्थिक वर्षमा संचालन हुने परियोजनाहरु चालु आर्थिक वर्षको जेठ १५ गते भित्र छनोट गरिसक्नु पर्नेछ।

(२) प्रदेश सरकारले परियोजनाहरु छनोट गर्दा अनुसूची-१ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

६. **सूचना प्रकाशन गर्नुपर्नेः** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहलाई लक्षित गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आफ्नो अधिकारिक वेबसाईट, राष्ट्रिय वा प्रदेश स्तरका पत्रिका मार्फत ३० दिन सम्मको म्याद दिई अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्ने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

७. **प्रस्ताव पेश गर्नेः** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम मार्फत परियोजना संचालन गर्न चाहने आवेदकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दफा ६ बमोजिमको

अवधिभित्र अनुसूची -३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

८. **<u>ग्राह्य प्रस्तावहरू:</u>** (१) स्थानीय तहले एकल प्रस्ताव वा दुई वा दुई भन्दा बढी स्थानीय तहहरूको संयुक्त परियोजना प्रस्तावहरू पेश गर्न सक्नेछन् ।

(२) यो निर्देशिका को दफा ३ मा उल्लिखित कार्यक्रमका उद्देश्यहरू अनुकुल हुने गरी परियोजना प्रस्तावहरु पेश गर्नु पर्नेछ ।

(३) स्थानीय तहले परियोजना प्रस्ताव पेश गर्दा गैर सरकारी संस्था वा सामुदायिक संस्था वा सहकारी वा निजी क्षेत्रका संघ संस्थासँग प्राविधिक सहायताको साझेदारी हुने गरि आफ्नो नेतृत्व र जिम्मेवारीमा परियोजना संचालन गर्न प्रस्ताव पेश गर्न सक्नेछन् ।

(४) उपदफा (२) बमोजिम अन्य संस्थासँगको प्राविधिक सहायता साझेदारीमा परियोजना प्रस्ताव पेश गर्दा साझेदार संस्थाको कार्य जिम्मेवारीको स्पष्ट विवरण परियोजना प्रस्तावका साथमा पेश गर्नु पर्नेछ ।

(५) दुई वा दुई भन्दा बढी स्थानीय तहले लागत साझेदारीका संयुक्त परियोजना प्रस्ताव पेश गर्दा एकअर्काले व्यहोर्नुपर्ने लागत साझेदारीको हिस्सा आपसी सहमतिमा कायम गर्नु पर्नेछ ।

(६) यस निर्देशिकामा उल्लेखित अन्य प्रावधानका अतिरिक्त अनुसूची-४ मा उल्लिखित पूर्णता परीक्षणका सबै आधारहरू पुरा गरी अनुसूची – ५ मा उल्लिखित प्रस्ताव मूल्याङ्कनका सूचकहरूको कूल अङ्कमा कम्तिमा ६० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

तर पूर्वाधार संरचना निर्माण, सवारी साधन खरिद, कर्मचारीको नियमित तलब आदि कार्यमा रकम खर्च गर्ने प्रकृतिका प्रस्ताव स्वीकृतिका लागि ग्राह्य हुने छैनन् ।

९. **प्रस्तावको मूल्यांकनः** (१) दफा ७ अनुसार प्राप्त प्रस्तावहरूको अनुसूची -४ अनुसारका प्रस्तावको पूर्णता परीक्षणका आधारहरुमा दफा १२ बमोजिम को प्राविधिक समितले विश्लेषण गर्नेछ । प्रस्तावको पूर्णता परीक्षणमा सफल हुनका निमित्त अनुसूची-४ मा उल्लेखित "लागु नहुने" बाहेकका सबै आधारहरू पुरा गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) अनुसार पूर्णता परीक्षणमा सफल भएका प्रस्तावहरूका सम्बन्धमा अनुसूची-५ मा उल्लिखित मुल्यांकनका आधारहरु बमोजिम प्राविधिक समितिले २१ दिनभित्र मूल्याङ्कन गरी निर्देशक समितिमा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ ।

(३) प्रस्तावहरुको मुल्यांकन गर्दा बैठकमा उपस्थित प्राविधिक समितिका सम्पूर्ण सदस्यहरुले

अनुसूची - ५ मा उल्लिखित प्रस्ताव मूल्याङ्कनका सूचकहरूको कूल अङ्कमा व्यक्तिगत मूल्याङ्कन गरी प्राप्तांक प्रदान गर्नु पर्नेछ। यसरी प्रस्तावको कुल प्राप्तांक गणना गर्दा सम्पूर्ण सदस्यहरुले मुल्यांकन पश्चात प्रदान गरेको प्राप्तांकहरुको औसतलाई गणना गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राविधिक समितिबाट प्राप्त प्रस्तावहरूलाई निर्देशक समितिले ७ दिन भित्र स्वीकृत गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्देशक समितिबाट स्वीकृत प्रस्तावको जानकारी आफ्नो वेबसाईट र लिखित पत्रबाट आवेदकहरुलाई जानकारी गराउनु पर्नेछ ।

१०. **परियोजना कार्यान्वयनको सम्झौताः** (१) दफा ९ बमोजिम आवेदकले प्रस्ताव स्वीकृत भएको जानकारी पाएको ७ कार्यदिन भित्र अनुसूची-७ बमोजिम परियोजना कार्यान्वयनको सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयनको सम्झौता गर्न तोकिएको समयभित्र सम्बन्धित आवेदक उपस्थित नभएमा योग्यताक्रम अनुसारका प्रस्तावलाई निर्देशक समितिले स्वीकृत गर्नुपर्नेछ। सम्बन्धित आवेदकले ७ कार्यदिन भित्र परियोजना कार्यान्वयनको सम्झौता गर्नु पर्नेछ ।

## परिच्छेद-३

## कार्यक्रम व्यवस्थापन

**११. निर्देशक समितिः** (१) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सम्बन्धी कामकारबाही व्यवस्थित गर्न देहाय बमोजिमको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम निर्देशक समिति रहनेछः

क. मुख्यमन्त्री, लुम्बिनी प्रदेश सरकार

ख. उपाध्यक्ष, प्रदेश योजना आयोग

ग. प्रमुख सचिव, लुम्बिनी प्रदेश सरकार

घ. सम्बन्धित विषयगत मन्त्रालयका सचिव

ङ. शासकीय सुधार हेर्ने सचिव

(२) निर्देशक समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछः

क. कार्यक्रमबाट सञ्चालित परियोजनाहरुको प्रभावकारिताको लागि प्रदेश तथा स्थानीय तहमा नीतिगत मार्गदर्शन प्रदान गर्ने,

ख. निर्देशिकाले निर्धारण गरेको शर्त, समय र प्रक्रियाहरुको पालना गर्न सरोकारवालाहरुलाई मार्गदर्शन प्रदान गर्ने,

ग. प्राविधिक समितिबाट भएका कार्य प्रगतिको समीक्षा गर्ने,

घ. प्राविधिक समितिबाट सिफारिस गरिएका प्रस्तावहरुलाई यस निर्देशिका बमोजिम स्वीकृत गर्ने,

ङ. प्राविधिक समितिबाट सिफारिस गरिएका प्रस्तावहरुसंग सम्बन्धित आवेदक दफा १० बमोजिम परियोजना कार्यान्वयनको सम्झौता गर्न तोकिएको समयभित्र उपस्थित नभएमा योग्यताक्रम अनुसारका अन्य प्रस्तावहरुलाई स्वीकृत गर्ने,

च. स्थानीय तहमा संचालित परियोजनाको क्रियाकलापहरुमा आवश्यकता अनुसार परिमार्जन गर्न उचित देखिएमा कार्यक्रमको उद्देश्य विपरित नहुने गरि द्विपक्षीय समझदारीको आधारमा परियोजना परिमार्जन प्रस्तावलाई स्वीकृत गर्ने,

छ. कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि अन्तरसरकारी समन्वय र सहकार्य गर्ने,

ज. कार्यक्रमको संस्थागत विकासको लागि कार्यक्रमबाट सम्पादन भएका कार्यको मूल्याङ्कन गरि नीतिगत पृष्ठपोषण प्रदान गर्ने,

झ. कार्यक्रमका उत्कृष्ट सिकाई तथा अभ्यासहरूलाई सरकारका अन्य क्षेत्रमा प्रवर्द्धन गर्न सहजीकरण गर्ने,

ञ. कार्यक्रमको उद्देश्य अनुसार रकम उपयोग नभएमा जिम्मेवार निकाय वा पदाधिकारीहरूलाई सचेत गराउने र रकम निकासा रोक्का गर्ने,

ट. कार्यक्रमको वित्तीय सुशासन सुनिश्चितता गर्ने,

कार्यक्रमको गुणस्तरको सुनिश्चितता गर्ने,

(३) बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रका पदाधिकारी वा विज्ञ लाई आमन्त्रित गर्न सकिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) समितिका पदाधिकारीहरुको बैठक भत्ता नियमानुसार हुनेछ ।

१२. **<u>प्राविधिक समिति</u>**: (१) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनका लागि प्राविधिक कार्य गर्नको निमित्त देहाय बमोजिमको नवप्रवर्तन साझेदारी प्राविधिक समिति रहनेछ :-

क. शासकीय सुधार हेर्ने सचिव संयोजक

ख. प्रदेश योजना आयोगको प्रतिनिधि - सदस्य

ग. प्रदेश लेखा नियन्त्रक कार्यालयको - सदस्य

प्रमुख

घ. सामाजिक विकास हेर्ने मन्त्रालयका महिला विकास अधिकृत - सदस्य

ङ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको एक जना विज्ञ - सदस्य

च. शासकीय सुधार हेर्ने उपसचिव - सदस्य-सचिव

(२) उपदफा (१) को समितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विषय क्षेत्रगत विज्ञहरुको सुची (रोस्टर) तयार गरि पारियोजनाको विषयक्षेत्र अनुसार विज्ञ आमन्त्रण गर्नु पर्नेछ।

(३) प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. आवेदकहरुबाट प्राप्त प्रस्तावहरुको दफा ९ बमोजिम पूर्णता परीक्षण र प्राविधिक मुल्यांकन गरी स्वीकृतिको लागि निर्देशक समिति समक्ष पेश गर्ने,

ख. परियोजनाको प्रस्ताव आह्वान सम्बन्धी प्राविधिक तथा प्रशासनिक कार्यहरु गर्ने,

ग. परियोजना कार्यान्वयनका लागि प्रस्तावक स्थानीय तहसँग सम्झौता गर्न सहजीकरण गर्ने ।

(४) बैठकमा विषय क्षेत्रगत प्रस्तावको छलफलमा विषयगत मन्त्रालय/ निर्देशनालय बाट सम्बन्धित पदाधिकारीलाई आमन्त्रित गर्नुपर्नेछ ।

(५) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(६)समितिका पदाधिकारीहरुको बैठक भत्ता नियमानुसार हुनेछ ।

**१३. <u>सचिवालय सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यक्रम कार्यान्वयनको लागि शासकीय सुधार हेर्ने महाशाखाले सचिवालयको रुपमा रही यस सम्बन्धी सम्पूर्ण प्राविधिक कार्यहरु सम्पादन गर्नेछ ।

(२) सचिवालयको काम, कर्तव्य, जिम्मेवारी देहाय बमोजिम हुनेछः

क. कार्यक्रमको वार्षिक कार्ययोजना र वार्षिक अनुगमन योजना स्वीकृत गराई कार्यान्वयनमा ल्याउने,

ख. निर्देशक समिति र प्राविधिक समितिले गर्ने कामकारबाहीलाई सहजीकरण गर्ने,

ग. यस निर्देशिकाबमोजिम आवेदकहरुबाट परियोजना प्रस्तावहरु आह्वान गर्ने र मूल्याङ्कन पश्चात

स्वीकृत भएका तथा नभएका प्रस्ताव बारे आवेदकलाई जानकारी गराउने,

घ. स्वीकृत भएका परियोजना प्रस्तावहरु कार्यान्वयन गर्न आवेदक स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र शासकीय सुधार हेर्ने सचिव बीच सम्झौता गर्ने,

ङ. कार्यक्रमहरुको त्रैमासिक रुपमा अनुगमन तथा आवधिक प्रगति समीक्षा गरि पहिचान भएका समस्याहरुको तत्काल समाधानका लागि सहजीकरण गर्ने र समाधान हुन नसकेका समस्या तथा चुनौतिहरुको प्रतिवेदन तयार गरि समाधानका लागि निर्देशक समिति समक्ष पेश गर्ने,

च. कार्यक्रमको प्रगति विवरण सम्बन्धित स्थानीय तहबाट सङ्कलन र एकीकृत गर्ने,

छ. सम्झौता बमोजिमको रकम प्रचलित कानून बमोजिम आवेदकको कार्यालयमा वित्तीय हस्तान्तरणको रुपमा निकासा गर्ने व्यवस्था मिलाउने,

ज. कार्यक्रमको नतिजा र गुणस्तरको सुनिश्चितता गर्ने,

झ. कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गर्ने,

ञ. कार्यक्रम कार्यान्वयनको लागि आवश्यक अन्य कार्य गर्ने ।

(३) सचिवालयले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रदेशमा स्थित प्रादेशिककार्यक्रम कार्यान्वयन इकाईका सम्बन्धित विज्ञलाई देहाय बमोजिमका कार्यहरुमा प्राविधिक सहयोगका लागि परिचालन गर्न सक्नेछः-

क. कार्यक्रमको सम्बन्धमा सरोकारवालालाई अनुशिक्षण गर्न,

ख. परियोजनाहरुको सम्भाव्यता अध्ययन गर्न ,

ग. परियोजनाहरुको विस्तृत कार्यक्रम कार्यान्वयन योजना तयार गर्न,

घ. परियोजनाहरुको कार्यान्वयनको सहजीकरण र प्रभाव मुल्यांकन गर्न,

ङ. कार्यक्रम कार्यान्वयनको कार्यहरुमा आवश्यक अन्य प्राविधिक सहयोग गर्न ।

१४. **स्थानीय तहको भूमिका :** कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन, प्रतिवेदन, अनुगमन, मूल्याङ्कन तथा नतिजाको सुनिश्चितताको समग्र जिम्मेवारी स्थानीय तहको

हुनेछ। कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको थप काम, कर्तव्य, जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

क. कार्यक्रम कार्यान्वयनको लागि परियोजनाको विषयसँग सम्बन्धित शाखा वा इकाईबाट एकजना अधिकृतलाई सम्पर्क व्यक्ति तोक्ने,

ख. आफ्नो कार्यपालिकाको बैठकबाट निर्णय गराई रितपूर्वकको आवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने,

ग. नियमित बजेट तथा कार्यक्रमलाई प्रतिस्थापन नगर्ने र अन्य संचालित कार्यक्रमसंग दोहोरोपना नहुने गरी प्रस्ताव तयार गरी पेश गर्ने,

घ. कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने लागत साझेदारीको लागि बजेटको व्यवस्था गर्ने,

ङ. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी त्रैमासिक प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

च. कार्यक्रम कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संग सम्झौता गर्ने,

छ. साझेदारीमा सञ्चालन हुने कार्यक्रममा साझेदार संस्थाको प्राविधिक सहायताको सहभागिताको सुनिश्चितता गर्ने,

ज. अन्य स्थानीय तहको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा साझेदार स्थानीय तहको लागत सहभागिताको सुनिश्चितता गर्न आवश्यक सम्झौता गर्ने,

झ. कार्यक्रमको तर्जुमा र कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक अन्य व्यवस्था गर्ने,

ञ. प्रचलित कानून बमोजिम निर्धारित समयभित्रै अनुसूची-८, ९ र १० बमोजिम कार्यक्रमको मासिक, त्रैमासिक, वार्षिक र परियोजनाको अन्तिम वित्तीय तथा भौतिक प्रगति प्रतिवेदनहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,

ट. कार्यक्रमको कार्यान्वयनको चरणमा कम्तिमा एक पटक सार्वजनिक परीक्षणको सुनिश्चितता गर्ने,

ठ. स्थानीय तहको नियमित सार्वजनिक सुनुवाईमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट सञ्चालित कार्यक्रमको विषयलाई समावेश गर्ने,

ड. कार्यक्रम कार्यान्वयनको चरणमा सिर्जित बौद्धिक सम्पति स्थानीय तहले प्रदेश सरकारलाई पुनःउत्पन्न, पुनःउपयोग, संचय, परिमार्जन, संशोधन र प्रकाशन गर्न मिल्ने गरि उपलब्ध गराउनु पर्ने,

ढ. परियोजनाको समाप्तिपछि त्यसको निरन्तरता र दिगोपनाको लागि आफ्नो कार्यपालिकाको बैठकबाट निर्णय गराई बजेट लगायत अन्य आवश्यक व्यवस्था गर्नुपर्ने,

ण. यस निर्देशिकामा उल्लिखित अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-४

## वित्तीय व्यवस्थापन

१५. **बजेट निकासा:** (१) प्रदेश सरकारले यस निर्देशिका बमोजिम प्रस्ताव स्वीकृत भएका स्थानीय तहलाई वित्तीय हस्तान्तरणको रुपमा रकम निकासा गर्नेछ ।

(२) कार्यक्रमको कार्यान्वयनका लागि बजेटको निकासा स्थानीय तहले दफा १७ बमोजिम पेश गरेको कार्यप्रगति प्रतिवेदनको आधारमा गरिनेछ ।

(३) स्थानीय तहले सूत्र प्रणालीमा व्यवस्था भए बमोजिम बजेट सञ्चालन गर्नु पर्नेछ ।

(४) स्थानीय तहले आफूले व्यहोर्नुपर्ने लागत सहभागीताको रकम शीर्षकगत रुपमा कार्यपालिकाबाट निर्णय गरी गाउँ/नगर सभा मार्फत सुनिश्चित गर्नु पर्नेछ ।

१६. **खरिद, लेखा र वित्तीय व्यवस्थापन:** (१) कार्यक्रमको खरिद सम्बन्धी व्यवस्था प्रचलित खरिद कानून अनुसार हुनेछ।

(२) सञ्चालित कार्यक्रमलाई स्थानीय तहको स्वीकृत खरिद योजनामा समावेश नगरी खरिद कार्य गर्न सकिने छैन ।

(३) कार्यक्रमको लेखा प्रचलित कानून बमोजिम नियमानुसार राख्नु पर्नेछ।

(४) कार्यक्रमको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून अनुसार हुनेछ ।

१७. **<u>अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनः</u>** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

(२) कार्यक्रमको प्रतिवेदन निर्देशिका को अनुसूची- ८ र १० ले निर्धारण गरे बमोजिम र नियमानुसार राखी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(३) स्थानीय तहबाट भएका अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यको त्रैमासिक प्रतिवेदन निर्देशिका को अनुसूची-९ ले निर्धारण गरे बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्नेछ ।

१८. **<u>लागत सहभागिताः</u>** (१) कार्यक्रमको लागत सहभागिता देहाय बमोजिम हुनेछ :-

क. वार्षिक रू. २५ लाखभन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कूल लागतको कम्तिमा २० प्रतिशत रकम,

ख. वार्षिक रू. २५ लाखभन्दा माथि आन्तरिक आय भएका स्थानीय तहहरुले परियोजनाको कूल लागतको कम्तिमा ३० प्रतिशत रकम,

ग. उप- महानगरपालिकले परियोजनाको कूल लागतको कम्तिमा ३५ प्रतिशत रकम,

घ. संयुक्त प्रस्ताव पेश गर्दा परियोजनाको कूल लागतको कम्तिमा ३५ प्रतिशत रकम,

ङ. कुनै स्थानीय तहले प्रदेश सरकारका कुनै निकायसँगको लागत साझेदारीमा आफू मूख्य प्रस्तावक बनी परियोजना प्रस्ताव पेश गरेमा परियोजना लागतको कम्तिमा ३५ प्रतिशत रकम।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहको लागत साझेदारीमा प्रस्ताव पेश गरिएमा प्रमुख प्रस्तावक र साझेदार स्थानीय तहको हिस्सा आपसी समझदारीमा कायम गर्न सकिने छ ।

१९. <u>अनुदान रकमको सीमा र अवधि</u> : (१) यस कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकमको अधिकतम सीमा एकल आवेदकको हकमा प्रति परियोजना एक करोड रुपैया र दुई वा दुई भन्दा बढी स्थानीय तह मिली प्रस्ताव गरिएको संयुक्त आवेदनको हकमा तीन करोड रुपैंया हुनेछ ।

तर एकल तथा संयुक्त दुवै आवेदकका परियोजनाको कूल लागत एक करोड पच्चीस लाख रुपैया भन्दा कम हुने छैन ।

(२) यस कार्यक्रमबाट सञ्चालन हुने परियोजनाको अधिकतम अवधि दुई आर्थिक वर्षको हुनेछ ।

२०. **<u>सार्वजनिक जवाफदेहिता र सुशासन</u>**: (१) सञ्चालित कार्यक्रम सम्पन्न भएपछि परियोजना स्थलमा प्रचलित कानून अनुसार कम्तिमा एक पटक स्थलगत सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

(२) कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको अनुगमन गरी यसको प्राविधिक जाँचपास तथा फरफारक गर्नु पर्नेछ ।

(३) प्रदेशमा रहेको प्रदेश सुशासन केन्द्रले कार्यक्रमको सम्बन्धमा सरोकारवालालाई अनुशिक्षण गर्न, असल अभ्यास र सिकाईहरुको अध्ययन तथा अनुसन्धान गरी सिकाई विधिको रुपमा रुपान्तरण गर्न र दफा १२ अनुसारका विज्ञको योग्यता, ज्ञान, सीप, अनुभव, दक्षता सहितको सूची तयार गर्न सहयोग गर्नेछ ।

२१. **<u>खर्च गर्न नपाईने क्षेत्रहरु</u>** : (१) यस कार्यक्रम मार्फतको रकमहरु देहायका क्षेत्रहरुमा खर्च गर्न पाईने छैन :-

क. भौतिक पूर्वाधार निर्माण जस्तैः सडक, पुल, सिचाई पूर्वाधार, जलविद्युत, भ्यू टावर, स्वागतद्वार, कार्यालय भवन, मनोरञ्जन हल,

तर नवप्रवर्तन योजनाको अभिन्न अङ्गको रुपमा रहेका अत्यावश्यक भौतिक पूर्वाधार निर्माणमा खर्च गर्न बाधा पुग्ने छैन ।

ख. कार्यक्रम सञ्चालनको लागि नियमित कर्मचारी र उपभोग खर्च,

ग. कुनै पनि प्रकारका सवारी साधन खरिद आदि,

घ. प्राकृतिक प्रकोप सँग सम्बन्धित स्थानीय तहले गर्दै आएका नियमित प्रकारका राहत वितरण सम्बन्धी कार्यक्रमहरू ।

## परिच्छेद-५

## <u>विविध</u>

२२. **<u>बौद्धिक सम्पति</u>** : (१) कार्यक्रम कार्यान्वयनको चरणमा सिर्जित बौद्धिक सम्पति प्रदेश सरकारले पुनःउत्पन्न, पुनःउपयोग, संचय, परिमार्जन, संशोधन र प्रकाशन गर्न सक्नेछ ।

२३. **<u>निर्देशिका परिमार्जन र संशोधन गर्ने अधिकारः</u>** (१) कार्यक्रम कार्यान्वयन निर्देशिका आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्ने अधिकार लुम्बिनी प्रदेश सरकारमा निहित रहने छ।

२४. **<u>बाधा अड्काउ फुकाउनेः</u>** (१) यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

२५. **<u>कारबाही गरिनेः</u>** (१) यस निर्देशिका विपरित हुने गरी र सम्झौता बमोजिम परियोजना सञ्चालन नगर्ने स्थानीय तहलाई अनुदान रोक्का गरी प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अघि बढाइनेछ ।

(२) निर्देशिका विपरित हुनेगरी कार्यक्रमको लागत/रकम दुरुपयोग/हिनामिना भएको पाईएमा जिम्मेवार व्यक्ति/पदाधिकारीलाई प्रचलित कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढाईने छ।

## अनुसूची – १

## परियोजना छनोट समयावधि

| क.स. | क्रियाकलापहरु | समय सीमा | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | प्रस्ताव आह्वानका लागि सूचना प्रकाशन गर्ने | चैत्र पहिलो हप्ता भित्र | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | कार्यक्रम सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | चैत्र मसान्त भित्र | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | प्रस्ताव पेश गर्ने | वैशाख पहिलो हप्ता भित्र | आवेदक |
| ४. | प्रस्तावको मुल्यांकन गर्ने | वैशाख मसान्त भित्र | प्राविधिक समिति |
| ५. | प्रस्तावलाई स्वीकृत गर्ने | जेठ पहिलो | निर्देशक |

| | | | |
|---|---|---|---|
| | | हप्ता भित्र | समिति |
| ६. | योग्यताक्रम अनुसार प्रस्तावहरुको सुची तयार गर्ने | जेठ पहिलो हप्ता भित्र | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८. | परियोजना कार्यान्वयनको सम्झौता गर्ने | श्रावण पहिलो हप्ता भित्र | आवेदक र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

*नोटः आ. व. २०८०/८१ को हकमा परियोजनाको प्रस्ताव आह्वानका लागि पौष पहिलो हप्ता भित्र सूचना प्रकाशन गरि फागुन १५ भित्र परियोजनाको कार्यान्वयनको सम्झौता गरिनेछ।*

## अनुसूची – २

## प्रस्तावको ढाँचा

| | | | |
|---|---|---|---|
| स्थानीय तहको नामः | | सम्पर्क व्यक्तिको नामः | |
| जिल्लाः | | पदः | |
| सम्पर्क नंः | | सम्पर्क नंः | |
| ईमेलः | | ईमेलः | |

### १. परियोजना सम्बन्धी जानकारी

| | |
|---|---|
| परियोजनाको नामः | |
| परियोजना रहने स्थानः | |
| कार्यक्रमको अवधिः | |
| कार्यक्रमको कूल लागतः | |
| प्रस्तावको किसिमः | *एकल प्रस्ताव वा संयुक्त प्रस्ताव* |
| दुई वा दुई भन्दा बढी स्थानीय तह मिली संयुक्त प्रस्ताव पेश गरेको खण्डमा | मुख्य प्रस्तावक<br>नामः<br>ठेगानाः<br>इमेलः<br>साझेदार प्रस्तावक |

| | |
|---|---|
| | नामः<br>ठेगानाः<br>इमेलः |
| लागत सहभागिताको संरचनाः | कूल लागतः<br>प्रदेश सरकार बाट उपलब्ध हुने रकमः<br>आवेदकले व्यहोर्ने रकमः |
| गैर सरकारी क्षेत्र सँग प्राविधिक सहायताको साझेदारी गरेको खण्डमाः | १.साझेदारी संस्थाको नामः<br>२.साझेदारी ढाँचा (मोडालिटी) को विवरणः<br>३.सम्झौताको अवधिः |
| लाभग्राहीसंगको लागत साझेदारी भएको खण्डमाः | *(कुन प्रयोजनका लागि साझेदारी गरिएको हो सो को व्यहोरा खुलाउने)* |

## २. कार्यक्रमको अवधारणा

| | |
|---|---|
| पृष्ठभूमि :<br>*(समस्या तथा अवसरको विवरण)* | |
| आयोजनाले नवप्रवर्तनलाई सहयोग गर्ने पुष्ट्याई | |

| | |
|---|---|
| (नवप्रवर्तनकारी समाधान): | |
| उद्देश्यः | १.<br>२. |
| परियोजनाको आवश्यकता र औचित्यता | १.<br>२.<br>३.<br>४. |
| उपलब्धीः | १.<br>२. |
| प्रतिफलः | प्रतिफल १.<br>प्रतिफल २. |
| लाभग्राही संख्याः | *महिला, पुरुष तथा लैं.स.सा.स खण्डीकृत तथ्याङ्क प्रयोग गर्ने* |
| प्रस्तावित आयोजनाले दीगोविकासको राष्ट्रिय | १.<br>२. |

| | |
|---|---|
| लक्ष्यमा योगदान गर्ने भए कुन लक्ष्यमा योगदान गर्ने हो सो को पुष्ट्याईः | ३. |

## ३. परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन

| |
|---|
| अध्ययनको समय सम्पन्न गरिएका क्रियाकलापहरु (Approach and Methodology) : |
| |
| प्राविधिक सम्भाव्यता (Technical Feasibility): *अध्ययनको समयमा देखिएका प्रविधिको प्रकार, व्यवहार्यता र स्थायित्व (Type of Technology, Viability and Durability)* |
| |
| आर्थिक सम्भाव्यता (Economic Feasibility): |

| |
|---|
| *अध्ययनको समयमा देखिएका परियोजनाको सम्भावित लागत, प्रभावकारिता, सामग्रीको मूल्य, संचालन र मर्मतसम्भार लागत, वर्तमान माग र आपूर्ति, वित्तपोषण (Cost, Effectiveness, Price of materials, operation and maintenance costs, current demand and supply, financing)* |
| |
| सामाजिक सम्भाव्यता (Social Feasibility): *अध्ययनको समयमा देखिएका परियोजनाको रोजगारी सिर्जना गर्न सक्ने क्षमता, सामाजिक स्वीकार्यता, जागरुकता मनोवृत्ति र सामाजिक धारणा, लैंगिक मुद्धाहरु (Potential to create employment, social acceptability, awareness attitude and people perception, gender issues)* |
| |
| Environmental Friendliness, Sustainability and Reliability of Project: *(अध्ययनको समयमा देखिएका परियोजना पर्यावरण मैत्री, दिगो र भरपर्दो रहने बलिया आधारहरु)* |
| |

## ४. परियोजनाको दिगोपना सम्बन्धि योजना

Continuity/Exit Strategy and Sustainability Plan of Project:

*परियोजनाको अवधि समाप्त भएपछि पनि निरन्तर सञ्चालन हुने सुनिश्चिता (निरन्तरता र दिगोपना)*

उल्लिखित अध्ययन गर्दा प्रस्तुत आयोजना सम्भाव्य रहेको छ।

परियोजनाको समाप्तिपछि कार्यपालिकाको निर्णयानुसार परियोजनाको निरन्तरता र दिगोपनाका लागि गाउँपालिका /नगरपालिका/उपमहानगरपालिकाले बजेट लगायत अन्य आवश्यक व्यवस्था गरेको छ।

............

**हस्ताक्षर**

## ५. कार्यक्रमको कार्यान्वयन

| |
|---|
| परियोजना कार्यान्वयन योजना |
| *(अनुसूची २ (क) को ढाँचामा पेश गर्नुपर्ने)* |
| परियोजना अनुगमन तथा मूल्याङ्कन योजना |
| *(अनुसूची २ (ख) को ढाँचामा पेश गर्नुपर्ने)* |

| परियोजनाको बजेट खर्चको क्षेत्र |
| --- |
| *(अनुसूची २ (ग) को ढाँचामा पेश गर्नुपर्ने)* |

| | |
| --- | --- |
| कार्यक्रम कार्यान्वयन सहजीकरणको संरचना सम्बन्धमा कार्यपालिका बैठकको निर्णय र मिति | |
| प्रस्ताव पेश गर्ने सम्बन्धमा कार्यपालिका बैठकको निर्णय र मिति | |
| कार्यक्रमको लागत सहभागिता सम्बन्धमा कार्यपालिका बैठकको निर्णय र मिति | |

## ६. आयोजना जोखिमको लेखाजोखा

| सम्भावित जोखिम | जोखिमको असर/परिणाम | जोखिम न्यूनीकरणको रणनीति |
| --- | --- | --- |
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

## ७. विविध

| विषय | विवरण | कैफियत |
|---|---|---|
| (१)सीमान्तीकृत वर्गको आर्थिक, सामाजिक विकासका क्षेत्रमा योगदान | | |
| (२)लैङ्गिक उत्तरदायी बजेटको प्रतिशत | | |
| (३)संस्थागत स्वमूल्याङ्कमा प्राप्त गरेको अङ्क | | |
| (४)वित्तीय सुशासन मूल्याङ्कनमा प्राप्त गरेको अङ्क | | |
| (५) स्थानीय तहको अन्तरिक आय | | |
| (६)गत आ.व. को पुँजीगत खर्चको प्रतिशत | | |
| (७)प्रस्तावमा भौतिक पूर्वाधारमा छुट्याइएको खर्च प्रतिशत | | |
| (८)गत आ.व.भन्दा अघिल्लो आ.व.को | | |

| विषय | विवरण | कैफियत |
|---|---|---|
| बेरूजु प्रतिशत | | |

## ८. सम्बन्धित तस्वीरहरु

# अनुसूची–२ (क)

## परियोजना कार्यान्वयन योजना

| क.स. | क्रि.न. | क्रियाकलापहरु | जम्मा लक्ष्य (जम्मा संख्या) | लक्ष्य एकाई | कार्यतालिका | | | | | | एकाई दर (रु. हजारमा) | बजेट (रु. हजारमा) | बजेट खर्चको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | | | | |
| प्रतिफल १ः | | | | | | | | | | | | | | |
| १. | १.१ | | | | | | | | | | | | | |
| २. | १.२ | | | | | | | | | | | | | |
| ३. | १.३ | | | | | | | | | | | | | |

| क्र.स. | क्रि.न. | क्रियाकलापहरु | जम्मा लक्ष्य (जम्मा संख्या) | लक्ष्य एकाई | कार्यतालिका | | | | | | एकाई दर (रु. हजारमा) | बजेट (रु. हजारमा) | बजेट खर्चको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | | | | |
| **प्रतिफल १ को जम्माः** | | | | | | | | | | | | | | |
| **प्रतिफल २ :** | | | | | | | | | | | | | | |
| ४. | २.१ | | | | | | | | | | | | | |
| ५. | २.२ | | | | | | | | | | | | | |
| ६. | २.३ | | | | | | | | | | | | | |
| **प्रतिफल २ को जम्माः** | | | | | | | | | | | | | | |
| **प्रतिफल ३ :** | | | | | | | | | | | | | | |
| ७. | ३.१ | | | | | | | | | | | | | |

| क.स. | कि.न. | कियाकलापहरु | जम्मा लक्ष्य (जम्मा संख्या) | लक्ष्य एकाई | कार्यतालिका | | | | | | एकाई दर (रु. हजारमा) | बजेट (रु. हजारमा) | बजेट खर्चको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | | | | |
| ८. | ३.२ | | | | | | | | | | | | | |
| ९. | ३.३ | | | | | | | | | | | | | |
| प्रतिफल ३ को जम्माः | | | | | | | | | | | | | | |
| कार्यक्रम व्यवस्थापन तथा विविध खर्च | | | | | | | | | | | | | | |
| १०. | ४.१ | | | | | | | | | | | | | |
| ११. | ४.२ | | | | | | | | | | | | | |
| १२. | ४.३ | | | | | | | | | | | | | |
| कार्यक्रम व्यवस्थापन तथा विविध खर्च को जम्माः | | | | | | | | | | | | | | |

| क.स. | क्रि.न. | क्रियाकलापहरु | जम्मा लक्ष्य (जम्मा संख्या) | लक्ष्य एकाई | कार्यतालिका | | | | | | एकाई दर (रु. हजारमा) | बजेट (रु. हजारमा) | बजेट खर्चको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | | | | |
